# गाउँ कार्यपालिकाको ४ (चौथो) बैठक / २०८२/०८३

मिति : २०८२ साल आश्विन ०१ गते बुधबार

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष )

समय : बिहान : ७ :३० बजे

स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | |
| ६ | रमेश राई | सदस्य | |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | |
| १३ | अमित देवी राई | सदस्य | |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

अन्य आमान्त्रित

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२. प्रदेश समपुरक अन्तरगत डीपबोरिङ्गदेखि बास्तीम चोकसम्मको कालोपत्रे ठेक्का खोल्ने सम्वन्धमा ।

३. भाद्र २३ र २४ गते जेन्जी आन्दोलनको समिक्षा सम्वन्धमा ।

४. विविध प्रस्तावहरु सम्वन्धमा ।

नविन भट्टराई, प्रमुख प्रशासकीय अधिकृत

किरण राई, अध्यक्ष

मिति २०८२ साल आश्विन १ मा सम्पन्न ४ (चौथो) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको तेश्रो बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २

चालू आ. व. २०८२/०८३ को प्रदेश समपुरक अन्तरगत प्राप्त बजेटबाट सम्पन्न हुने गरी पौवादुङमा ३ को डीपबोरिङ्गदेखि वडा नं. ४ स्थित बास्तीम चोकसम्मको सडक कालोपत्रेका लागि कार्यालयबाट नियमानुसार ठेक्का आव्हान गरिएकोमा तोकिएको म्याद भित्र पर्न आएको बोलपत्रहरु कार्यालयबाट नियमानुसार खोल्ने सर्ब सम्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

देशमा भईरहेको भ्रष्ट्रचार नियन्त्रणको सिलशिलामा यहि भाद्र २३ र २४ गतेका दिन जेन्जी पुस्ताबाट भएको बृहत आन्दोलनमा ज्यान गुमाएका मृतकहरु प्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्ने र आन्दोलनको क्रममा घाईते परिवार प्रति शिघ्र स्वास्थ्य लाभको कामना सहित घटनाको उचित छानविन गर्न सम्वन्धित निकायमा माग गर्ने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ४

पौवादुङमा गाउँपालिका वडा नं. ६ निवासी एवं गाउँ कार्यपालिका सदस्य श्री अमितदेवी राईको पति बर्ष ५५ को स्व. श्री शेर बहादुर राईको यहि २०८२ साल भाद्र २८ गतेका दिन अल्पायुमा नै दुखद् निधन भएकोले मृतक आत्माको चीर शान्तिको कामना सहित भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजन प्रति सिंगो गाउँ कार्यपालिका हार्दिक समवेदना व्यक्त गर्दछ ।

प्रस्तुत प्रस्ताव माथिको छलफल समाप्त भएकोले आजको बैठक समापन गरियो ।

नविन ... राई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष